जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY



कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।



**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**

गोलबजार नगरपालिका-६, सिरहा

फोन नं.: ०३३-५४०३५६

मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००

इमेल : mgnd2070@gmail.com



बर्षः १३, अंकः ०४ पृष्ठः ४ | २०८३ बैशाख ०८ मंगलबार (Tuesday 21 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


## हावाहुरी पीडित मुसहर समुदायलाई राहत वितरण



**जीवछ यादव**

लहान, ७ वैशाख। वैशाख ५ गते शनिबार आएको हावाहुरीले लहान नगरपालिका-२१, कलाबञ्जरका मुसहर समुदायका २१ घरपरिवार प्रभावित भएका छन्। हावाहुरीले फुसका घरमाथि राखिएका जस्तापाता उडाउँदा उनीहरू बेघर बनेका हुन्। पीडित बस्तीमै पुगेर लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले तत्काल ओत लाग्न त्रिपाल तथा खाद्यान्न राहत वितरण गर्नुभएको छ।

आइतबार मुसहर बस्तीमा पुगेर प्रति परिवार एक थान त्रिपाल, एक बोरा चामल, एक प्याकेट नुन लगायतका राहत सामग्री वितरण गरिएको थियो। लहान नगरपालिका-२१ का वडाध्यक्ष राजकुमार यादवको अगुवाइमा राहत वितरण गरिएको हो। सो अवसरमा नगरप्रमुख चौधरीले लहान नगरपालिकाअन्तर्गत वडा नं. १९, २१, २३ र २४ का दलित बस्तीमा क्षति भएको जानकारी दिनुभयो। उहाँले पीडित परिवारका लागि घर निर्माणका लागि आवश्यक जस्तापाता तथा आर्थिक सहयोग उपलब्ध गराइने र वर्षायाममा थप समस्या नपर्ने व्यवस्था गरिने बताउनुभयो।

हावाहुरीबाट प्रभावित कलाबञ्जरस्थित मुसहर बस्तीमै पुगेर राहत वितरण गर्नुका साथै घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएपछि पीडित परिवारले नगरप्रमुख महेशप्रसाद चौधरी र वडाध्यक्ष राजकुमार यादवप्रति धन्यवाद व्यक्त गर्नुभएको छ। पीडितमध्ये सुरजा सदायले भन्नुभयो, "हावाहुरीजस्ता विपद्का बेला वडा कार्यालय र नगरपालिकाले अभिभावकत्व प्रदान गरिरहेको छ, हामी खुसी छौँ।"

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार शनिबार साँझ आएको हावाहुरीका कारण सखुवा नन्कारकट्टी गाउँपालिका-२, मक्रमपुरका ६० वर्षीया किसुनवती यादवको मृत्यु भएको छ। स्थानीय विन्देश्वर यादवकी श्रीमती किसुनवती यादव घरमै बसिरहेको अवस्थामा हावाहुरीले जस्तापाता उडाउँदा घरको इँटाको पर्खाल भत्किएर टाउकोमा चोट लाग्दा घटनास्थलमै मृत्यु भएको हो। जिल्लाका १७ वटै पालिकामा हावाहुरीबाट भएको क्षतिको विवरण संकलन कार्य जारी रहेको प्रहरीले जनाएको छ।

## स्वस्थ समाज निर्माणका लागि खेलकुद अपरिहार्यः सभामुख यादव

धनुषा, ७ वैशाख। मधेस प्रदेशका सभामुख रामअशिष यादवले स्वस्थ समाज निर्माणका लागि खेलकुद अपरिहार्य रहेको बताउनुभएको छ। जनकपुरधामस्थित श्रीराम जानकी बहुउद्देश्यीय रङ्गशालामा आयोजित अन्तरविद्यालयस्तरीय 'नेशनल क्रिकेट च्यान्पियनशिप' प्रतियोगिताको सोमबार उद्घाटन गर्दै उहाँले 'स्वस्थ मधेस र समृद्ध मधेस' को लक्ष्य हासिल गर्न खेल संस्कृतिको विकास आवश्यक रहेको बताउनुभयो।

सभामुख यादवले युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्न यस्ता प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने विचार व्यक्त गर्दै खेलले अनुशासन, नेतृत्व क्षमता र सहकार्यको भावना विकास गर्ने भएकाले विद्यार्थी जीवनदेखि नै खेल गतिविधिमा सक्रिय रहन आग्रह गर्नुभयो। जिल्ला क्रिकेट सङ्घका उपाध्यक्ष आकाश पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएशन (एन–प्याब्सन) का अध्यक्ष आशिष झा, कोषाध्यक्ष सचिन सिंहलगायतले प्रतियोगिताको सफलताको कामना गर्दै खेलकुदमार्फत विद्यार्थीहरूको समग्र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सङ्घका सचिव सरोज मिश्रका अनुसार प्रतियोगितामा जनकपुरधाम तथा आसपासका विभिन्न विद्यालयका क्रिकेट टोलीहरूको उत्साहजनक सहभागिता रहेको छ।

## पाँचौ गोलबजार उप–मेयर कराते प्रतियोगिताको उपाधि आयोजकलाई




सिरहा, ७ बैशाख। गोलबजार नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा गोलबजारको आयोजनामा सम्पन्न पाँचौ गोलबजार उप–मेयर प्रदेश स्तरीय कराते प्रतियोगिता २०८३ को उपाधी आयोजक टिकमले प्राप्त गरेको छ। यहि बैशाख ४ गतेबाट संचालितमा प्रदेशका आठ र आयोजाक दुईगरी १० टिममध्ये आयोजक प्रथम भएको हो।

मधेस प्रदेश सभा सदस्य मनोज कुमार सिंहको प्रमुख आतिथ्यमा सम्पन्न भएको पुरस्कार बितरण समारोहमा गोलबजार नगरप्रमुख श्याम कुमार श्रेष्ठ, मधेस खेलकुद परिषद्का सदस्यहरु प्रभुनारायण शिवाकोटी, निशेष श्रेष्ठ, गोलबजार ३ का वडा अध्यक्ष धनप्रसाद

**–बाँकी तीन पेजमा**





GUPTA BROTHER'S AUTO TRADE

Mirchaiya, 033-550744 | 9801552812



## शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सम्पादकीय

## नजिर बदलिने कि नियति दोहोरिने ?

लोकतन्त्रपछिका सत्तासीन नेता, उच्च पदस्थ कर्मचारी र सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति जाँचबुझ गर्न सरकारले गत बुधबार शक्तिशाली आयोग घोषणा गरेको छ। यससँगै जनमानसमा प्रश्न र शंका पनि देखिन्छ, यो आयोग साँच्चै नै 'अवैध सम्पत्ति'को जरो निष्पक्ष र न्यायपूर्ण तरिकाले खोतल्न र पहिल्याउन सफल होला त ? नवगठित मन्त्रिपरिषद्ले पार्टीको घोषणापत्र र कार्ययोजनाअनुरूप सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा पाँच सदस्यीय 'सम्पत्ति जाँचबुझ आयोग' गठन गरेको छ। तर आयोगको दायरा र कार्यक्षेत्र अझै स्पष्ट छैन। जाँचबुझ ऐनअनुसार आयोगको कार्यक्षेत्रका हकमा राजपत्रमा सूचना प्रकाशित भएपछि मात्र लागु हुन्छ।

'लाभका पदधारी'हरूको सम्पत्ति जाँचबुझ गर्ने एजेन्डा सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको मात्र होइन। नेपाली कांग्रेस, नेकपा (एमाले)लगायत अधिकांश दलका घोषणापत्रमै यो विषय उल्लेखित छ। अर्थात् सम्पत्ति जाँचबुझ राष्ट्रिय एजेन्डा हो। सत्ता शक्ति दुरुपयोग गरी अकुत सम्पत्ति जोड्नेहरूलाई सजायको दायरामा ल्याउनुपर्छ भन्ने माग अस्वाभाविक विलासी जीवनशैलीप्रति बढ्दो असन्तुष्टिसँगै निरन्तर उठ्दै आएको छ।

मन्त्रिपरिषद्ले पहिलो चरणमा लोकतन्त्र बहालीपछिका र दोस्रो चरणमा प्रजातन्त्र पुनर्स्थापनापछिका सार्वजनिक पदमा रहेकाहरूको सम्पत्ति जाँचबुझ गर्ने नीति लिएको देखिन्छ। तर आयोग बनाएर 'सम्पत्ति जाँच' गर्ने चलन नेपालमा नौलो अभ्यास होइन। विसं २०५८ फागुनमा सर्वोच्च अदालतका बहालवाला न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठन भएको आयोगले २०५९ सालभर पूर्वप्रधानमन्त्री, मन्त्री, प्रहरी र प्रशासकसँग बयान लिएको थियो।

त्यतिखेर आयोगले जाँचबुझ ऐनअनुसार ३० हजार ५ सय सरकारी लाभका पदमा रहेका व्यक्तिहरूको सम्पत्ति विवरण संकलन गरी केलाएको थियो। पासपोर्ट रोक्का गर्नेदेखि खानतलासीसम्म गर्न सक्ने अधिकार भए पनि मुद्दा चलाउने अधिकार भने सामान्यतः यस्ता आयोगलाई हुँदैन। उसले थप अनुसन्धान र मुद्दा चलाउन सिफारिसमात्र गर्न सक्छ। लम्साल आयोगकै सिफारिसका आधारमा २०६० पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही राजनीतिकर्मी, प्रहरी तथा प्रशासकका सम्पत्तिमा थप अनुसन्धान गरी मुद्दा चलाएको थियो। तर छनोटपूर्ण रणनीति अपनाएर मुद्दा चलाइएको आरोप लागेपछि राजनीतिक प्रतिशोधको भाष्य स्थापित भयो। त्यही पदचिह्नमा तत्कालीन राजा ज्ञानेन्द्रले पनि 'भ्रष्टाचार नियन्त्रण शाही आयोग' गठन गरेका थिए जसलाई सर्वोच्च अदालतले नै अवैध ठहर गरेको थियो।

लम्साल आयोगका सिफारिसअनुरूप कारबाही नहुँदा आयोगका अध्यक्षले सार्वजनिकरूपमै असन्तुष्टि व्यक्त गरेका थिए। दुई दर्जनभन्दा बढी न्यायाधीशविरुद्ध गरिएको सिफारिससमेत कार्यान्वयन भएन। न अधिकांश पात्रहरू दण्डित भए न त अवैध सोमबार्न जफत भयो। कारबाही त परै जाओस् प्रतिवेदन सार्वजनिकसमेत भएन। यही कारण शासकीय वृत्तका पात्रहरूको सम्पत्ति जाँच्ने नाममा गरिने आयोग गठनलाई कतिपयले 'सस्तो लोकप्रियता'को कडीका रूपमा हेर्ने गरेका हुन्। वास्तवमा सार्वजनिक पदाधिकारीहरूको सम्पत्तिमाथि छानबिन गर्ने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो र कानुनतः अधिकार पनि यही निकायसँग छ। सम्भवतः प्रभावकारी अनुसन्धान र मुद्दा प्रक्रियामा सक्रियता नदेखिएपछि राजनीतिक दलहरूले अर्को आयोग गठन गर्नुपर्ने अवस्था देखेका होलान्।

अर्कोतर्फ, आयोगलाई प्रतिशोध साँध्ने वा विपक्षीलाई मात्र 'टार्गेट' गर्ने औजारका रूपमा प्रयोग गरिने आशंका पनि समाजमा व्याप्त छ। सत्तारूढ दलले आफ्ना निकट व्यक्तिलाई 'क्लिन चिट' दिने प्रवृत्ति देखिएमा जाँचबुझको औचित्य नै समाप्त हुनेछ। बरु यसले राज्यका संस्थाहरूप्रति समेत अविश्वास बढाउनेछ। आयोग निष्पक्ष र प्रतिशोधरहित भएको प्रत्याभूति दिन सक्नुपर्छ। आयोगको गठनका साथै यसको कामकाजमा पनि न्यायिक मन देखिएमात्र कारबाही सिफारिसको नैतिक वैधता स्थापित हुने हो। अन्यथा, आयोग गठनपछि बजेट खर्च हुने तर परिणाम नआउने अवस्था दोहोरिएमा यो फेरि 'हात्ती आयो हात्ती आयो फुस्सा'मै सीमित हुनेछ। आयोग गठन गरेरमात्र पुग्दैन त्यसका सिफारिस कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति देखिएमात्र यसले सार्थकता पाउन सक्छ।

# 'लु' को जोखिम बढ्दै, बच्ने कसरी ?

**प्रगति ढकाल**

काठमाडौँ, ७ वैशाख। केही दिनयता देशका अधिकांश स्थानमा तापक्रम वृद्धि हुँदा अत्यधिक गर्मी बढेको छ। यससँगै तराईका जिल्लामा तातो हावा (लु) चल्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण छ। विभागले सोमबार दिउँसो सार्वजनिक गरेको तथ्याङ्कअनुसार कपिलवस्तुमा ४१ डिग्री सेल्सियस र बाँकेमा ३९ डिग्री सेल्सियस तापक्रम पुगेको छ। मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र तथा उपत्यका र खोँचहरूमा दिन तातो भएको, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पश्चिमी तराई क्षेत्रमा 'लु' चल्ने सम्भावना रहेको विभागले जनाएको छ। पछिल्लो सूचनामा अद्यावधिक रहन तथा आवश्यक सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ।

विभागका मौसमविद् सञ्जिव अधिकारीले विशेषगरी तराईका जिल्लामा बुधबारसम्म अत्यधिक गर्मीको अवस्था कायम रहने जानकारी दिनुभयो। "सोमबारदेखि पर्सि बुधबार सम्म विशेषगरी तराई, उपत्यका र खोँच क्षेत्रमा तातो हावाको लहर चल्ने सम्भावना छ", उहाँले भन्नुभयो, "कोशी प्रदेशमा भने बादल देखिएकाले 'लु' को सम्भावना तत्काल कम छ। विशेषगरी लुम्बिनी प्रदेशको पश्चिम क्षेत्र, धनगढीलगायत सुदूरपश्चिमका अन्य तराई जिल्ला, नेपालगञ्ज, धनगढीलगायत स्थानमा 'लु' को सम्भावना बढी छ।"

सुदूरपश्चिमको दिपायलमा सोमबार दिउँसो तापक्रम करिब ४० डिग्री सेल्सियस पुगेको उल्लेख गर्दै उहाँले त्यहाँका लागि यो तापक्रम असामान्य भएको बताउनुभयो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ 'हाइड्रोलोजिस्ट' राजेन्द्र शर्माले जलवायु परिवर्तनसँगै 'लु' जस्ता मौसमी घटना बढ्दै जाने भएकाले समयमै तयारी र सचेतना बढाउन आग्रह गर्नुभयो। "लु को प्रभाव न्यूनीकरणका लागि हामीले कार्यविधि बनाएर कार्यान्वयनका लागि सम्बन्धित अन्तरसरकारी निकायमा पठाएका छौँ, प्रभावकारी कार्यान्वयनका लागि आवश्यक छलफल पनि गरिरहेका छौँ", उहाँले भन्नुभयो।

"समयमै चिसो वातावरण कायम गर्ने, सफा तथा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्ने, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र बिरामीहरूको विशेष हेरचाह गर्ने उपायहरू अपनाउनु पर्छ", उहाँले भन्नुभयो, "यसैगरी अस्पताल, विद्यालय तथा सार्वजनिक स्थानहरूमा आवश्यक पूर्वसावधानीको व्यवस्था मिलाउनु पनि उत्तिकै महत्वपूर्ण छ।"

**स्वास्थ्यमा कस्तो असर पर्छ ?**

जनस्वास्थ्यविद् डा समीर अधिकारीले 'लु' लाग्दा हृदयको गति तीव्र हुने, श्वासप्रश्वास र रक्तचाप घट्ने, टाउको अत्यधिक दुख्ने, आँखा पोल्ने, चक्कर लाग्ने तथा अचेत हुने जस्ता समस्या देखिन सक्ने बताउनुभयो। "लु ले दीर्घकालीन असरसमेत पुऱ्याउन सक्छ, मस्तिष्क तथा रक्तप्रणालीमा समस्या गर्न सक्छ", उहाँले भन्नुभयो, "बालबालिका र वृद्ध उमेरका समूहलाई सबैभन्दा बढी असर गर्न सक्छ। पर्याप्त पानी पिउने, शीतल छहारीमा बस्ने, मदिरा तथा धुम्रपान गर्नुहुँदैन।"

यसैगरी शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी पुग्ने, छाला सुक्खा, रातो र तातो हुने लक्षण पनि देखिन सक्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंले 'लु' चल्दा वा अत्यधिक गर्मीको समयमा बालबालिकाको स्वास्थ्यमा असर पुग्न सक्ने हुँदा उच्च सतर्कता अपनाउन सुझाव दिनुभयो।

विश्व स्वास्थ्य सङ्गठनले गरेको "नेपालमा तातो हावाको लहरको प्रवृत्ति र यसबाट उत्पन्न स्वास्थ्य जोखिमबारे जनधारणाको अध्ययन"ले जलवायु परिवर्तनका कारण गर्मीजन्य समस्या बढेको निष्कर्ष निकालेको छ। अध्ययनअनुसार जलवायु परिवर्तन, तीव्र सहरीकरण र वायु प्रदूषणका कारण तापक्रम बढ्ने प्रवृत्ति निरन्तर बढेको हो। यसले मानव स्वास्थ्यसँगै अन्य क्षेत्रमा पनि नकारात्मक असर पारिरहेको छ।

देशभरका ३३ वटा मौसम स्टेसनबाट सन् १९८७ देखि २०१६ सम्मको तथ्याङ्क विश्लेषण गर्दा गर्मी दिनको सङ्ख्या बढ्दै गएको छ। विशेषगरी देशको दक्षिणी भूभागमा गर्मी रातहरू, प्रि–मनसुन तथा मनसुन अवधिमा वर्षा हुने ढाँचामा परिवर्तन आएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। अध्ययनअनुसार बढ्दो तापक्रमसँग जुध्न जनचेतना अभिवृद्धि, स्वास्थ्य सुरक्षा उपायको विस्तार र स्थानीय तहमा अनुकूलन रणनीति सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

**कृषिमा असर, उत्पादन घट्ने जोखिम**

अत्यधिक तापक्रम वृद्धिले कृषि र पशुपालन क्षेत्रमा पनि असर गर्न सक्ने जनाइएको छ। कृषि विज्ञ डिल्लीराम शर्माका अनुसार अत्यधिक गर्मी तथा 'लु' का कारण कृषि उत्पादनमा गम्भीर असर पर्न सक्छ। 'लु' का कारण विशेषगरी बालीहरू सुक्न थाल्ने, फूल झर्ने र फलफूल राम्रोसँग नलाग्ने समस्या हुने र यसले किसानलाई आर्थिक नोक्सानी पुऱ्याउन सक्ने उहाँले बताउनुभयो।

"तरकारीमा फूल वा फल लाग्ने बेला लु लागेमा वृद्धि रोकिन्छ, राम्रो उत्पादन हुँदैन", उहाँले भन्नुभयो, "यतिबेला कतिपय स्थानमा मकैमा दाना लाग्न सुरु भइसकेको छ, मकैमा दाना लागे पनि पोटिलो नहुने भएकाले उत्पादनमा कमी आउन सक्छ।"

प्लास्टिक टनेल (पोलिहाउस) भित्र खेती गर्दा भने जोखिम न्यूनीकरणमा सहयोग पुग्ने उहाँले सुझाव दिनुभयो। कृषि तथा पशुपालन क्षेत्र जलवायु परिवर्तनको प्रत्यक्ष असरमा पर्ने भएकाले यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाको भनाइ छ। विज्ञहरूले गर्मीको समयमा सिँचाइ व्यवस्थापन सुधार, छायाँ तथा पानीको उचित व्यवस्था, पशु स्वास्थ्यमा ध्यान र जलवायु अनुकूल कृषि अभ्यास अपनाउन सुझाव दिएका छन्।

**कसरी जोगिने ?**

प्राधिकरणले 'लु' बाट जोगिन दिउँसो सकेसम्म घरबाहिर ननिस्कन, प्रशस्त पानी तथा फलफूलको रस पिउन, अत्यधिक पसिना आएमा 'जीवनजल' सेवन गर्न सुझाव दिएको छ। बाहिर निस्कनै परे टाउको छोप्ने, छाता प्रयोग गर्ने, चिसो पानीले नुहाउने तथा खेतबारीमा बिहान वा बेलुका मात्र काम गर्न सल्लाह दिएको छ।

यसका साथै मदिरा सेवन नगर्ने, क्याफिनयुक्त पेय पदार्थ (चिया, कफी, सोडा) कम प्रयोग गर्न र चिनी बढी भएको झोल पदार्थ नपिउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आग्रह गरेको छ।

**के हो लु ?**

अत्यधिक गर्मी वा तातो हावाको लहरका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजनाका अनुसार अत्यधिक गर्मीका कारण सिर्जना हुने मौसमी अवस्थालाई तातो हावाको लहर (लु) भनिन्छ। नेपालको सङ्घीय तथा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा यसलाई 'तातो हावाको लहर' भनेर उल्लेख गरिएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार चैतदेखि भदौ महिनासम्मको अवधिमा तापक्रमका आधारमा तातो दिनहरू छुट्याइन्छन्। अधिकतम तापक्रम विगत ३० वर्षको ९० प्रतिशतभन्दा माथि पुगेमा त्यसलाई तातो दिन भनिन्छ। कार्यविधिमा भनिएको छ, "जब लगातार तीन वा बढी दिनसम्म तातो दिन रहन्छ भने हल्का तातो लहर, धेरै तातो दिनको अवस्था रहेमा मध्यम तातो लहर र अत्यधिक तातो दिन भइरहे अत्यधिक तातो लहरको रूपमा वर्गीकृत गरिन्छ।"

# नयाँ सवारीचालक अनुमतिपत्र पूर्ण सुरक्षित, व्यावहारिक र गुणस्तरीय : सञ्चार मन्त्रालय

काठमाडौँ, ७ वैशाख। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्मार्ट सवारीचालक अनुमतिपत्र ( लाइसेन्स) को छपाइ, प्रविधि र सुरक्षा सुदृढीकरणसम्बन्धी पछिल्लो प्रगति सार्वजनिक गर्दै हाल लागू गरिएको प्रणाली अन्तरराष्ट्रिय मापदण्डअनुरूप, बढी सुरक्षित र व्यावहारिक रहेको जनाएको छ।

मन्त्रालयले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै सुरक्षण मुद्रण केन्द्रमार्फत छापिँदै आएको नयाँ स्मार्ट लाइसेन्सको प्राविधिक संरचना, सुरक्षा तह र दीर्घकालीन रणनीतिबारे विस्तृत जानकारी दिइएको हो। मन्त्रालयका अनुसार नयाँ स्मार्ट लाइसेन्स पूर्णरूपमा अन्तरराष्ट्रियस्तरको 'आईएसओ ७८१० आइडी-१' मापदण्डअनुसार तयार गरिएको छ। जसको आकार विश्वभर प्रयोग हुने क्रेडिट कार्डको जस्तो छ। विकसित देशहरूले दशकौँदेखि प्रयोग गर्दै आएको यस्तै प्रविधिमा आधारित यो कार्डलाई नेपालले पनि अवलम्बन गरेको मन्त्रालयले जनाएको छ।

विगतमा प्रयोगमा रहेको 'स्मार्ट चिप' प्रविधि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको निष्कर्षसहित सरकारले नयाँ ढाँचा रोजेको हो। "विगतमा प्रयोग गरिएको प्रणालीमा रहेको 'स्मार्ट चिप' को पूर्ण उपयोगका लागि कार्ड रिडर र अनलाइन–अफलाइन प्रमाणीकरण प्रणाली जस्ता आवश्यक राष्ट्रिय पूर्वाधार व्यवस्थित हुन नसक्दा चिपको व्यावहारिक उपयोगिता न्यून रहनुका साथै विदेशी विज्ञको सहयोगमा निर्भर हुनु पर्दा सुजित जोखिम न्यूनिकरण गर्न हाल उच्च सुरक्षासहितको कोड इन्क्रिप्टेड, लेयर्ड र कपी–प्रोटेक्टेड बौद्धिक क्यूआर (आइ क्युआर) प्रविधि अवलम्बन गरिएको छ", विज्ञप्तिमा भनिएको छ, "जसले अफलाइन प्रमाणीकरणलाई संस्थागत गरी ट्राफिक प्रहरी वा अन्य नियामक निकायहरूले कुनै पनि स्थानमा इन्टरनेटको पहुँच बिना नै कार्ड स्क्यान गरी सवारीचालकको पहिचान र आधिकारिकता तत्कालै पुष्टि गर्न सक्षम बनाएको छ।"

सुरक्षाका हिसाबले नयाँ स्मार्ट लाइसेन्समा तीन तहमा विभाजित ३९ वटा फरक–फरक सुरक्षा विशेषता समावेश गरिएको मन्त्रालयले जनाएको छ। पहिलो तहमा सामान्य आँखाले देख्न सकिने मेटालिक सिल्भर इंक, मेसिनले पढ्न सक्ने जोन ( एमआरजेड) तथा फोटोसँग

–बाँकी तीन पेजमा

*नयाँ सवारीचालक..*

जोडिएका विशेष सुरक्षण ढाँचाहरू छन्। दोस्रो तहमा भने विशेष उपकरणमार्फत मात्र देखिने अदृश्य युभी मसी र 'इन्फ्रारेड एब्जोर्प्सन' प्रविधि प्रयोग गरिएको छ। तेस्रो वा फोरेन्सिक तहमा प्रयोगशालामा मात्र परीक्षण गर्न सकिने 'डिजिटल फिंगरप्रिन्ट' र प्रोप्राइटरी रसायनिक हस्ताक्षरजस्ता उच्चस्तरीय सुरक्षा संयन्त्र राखिएको जनाइएको छ। प्रत्येक कार्डको डिजाइन अर्को भन्दा फरक हुने भएकाले एक कार्ड अर्को कार्डसँग पूर्णतः भिन्न हुने र यसले नक्कली बनाउने सम्भावना न्यून बनाएको दाबी गरिएको छ।

मन्त्रालयले सम्पूर्ण उत्पादन प्रक्रिया 'एन्ड-टु-एन्ड अफलाइन' ढाँचामा सञ्चालन गरिएको पनि स्पष्ट पारेको छ। यसले तथ्याङ्क चुहावट वा अनधिकृत पहुँचको जोखिम नगण्य बनाएको उल्लेख गर्दै क्यूआर कोडको वैधता कार्डको अवधिसम्म कायम रहने जनाइएको छ। नागरिकको गोपनीयता र डेटा सुरक्षालाई प्राथमिकतामा राखिएको प्रणाली विकास गरिएको मन्त्रालयको भनाइ छ।

सरकारको यो पहललाई सुरक्षण मुद्रणका क्षेत्रमा आत्मनिर्भरतातर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ। यसबाट विदेशी मुद्राको बहिर्गमन नियन्त्रण हुनुका साथै संवेदनशील कागजातहरू स्वदेशमै सुरक्षित रूपमा उत्पादन गर्ने क्षमता विकास भएको छ। सुरक्षित मुद्रण केन्द्रका अनुसार आगामी दिनमा सवारीचालक अनुमतिपत्रबाहेक हुलाक टिकट, नागरिकता प्रमाणपत्र, अन्तःशुल्क स्टिकर, लालपुर्जा, भिसा स्टिकर तथा विश्वविद्यालयका प्रमाणपत्रहरू समेत स्वदेशमै उत्पादन गर्ने आधार तयार भएको छ।

हाल सवारीचालक अनुमतिपत्रका लागि ट्रायल पास गरेर राजस्व तिरेको २४ घण्टाभित्रमा केन्द्रले लाइसेन्स छापिसक्ने गरेको छ। त्यस्तै पुरानो छाप्न बाँकी सबै लाईसेन्स असार मसान्तभित्रमा छपाइ सकिनेछ। केन्द्रका अनुसार वैशाख १२ गतेसम्ममा १२ लाख र असार मसान्तसम्ममा थप १७ लाख पुरानो लाइसेन्सको छपाइ सकिनेछ।

# विश्वविद्यालयमा दलीय राजनीति निषेध गर्न उपकुलपतिहरूलाई प्रधानमन्त्री शाहको निर्देशन

काठमाडौँ, ७ वैशाख। प्रधानमन्त्री वालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य क्षेत्रका शैक्षिक संस्थाहरूमा दलीय विद्यार्थी र कर्मचारी सङ्गठनका संरचना हटाउने निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ। उहाँले सोमबार विश्वविद्यालय र प्रतिष्ठानहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय विद्यार्थी र कर्मचारी सङ्गठनका संरचना हटाउन उपकुलपतिहरूलाई निर्देशन दिनुभएको हो।

प्रधानमन्त्री शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरिका विश्वविद्यालय र प्रतिष्ठानका उपलकुलपतिहरूसँग साढे ३ घण्टासम्म समसामयिक विषयमा छलफल गर्नुभएको थियो। त्यस क्रममा उहाँले राजनीतिक दलसँग आबद्ध विद्यार्थी तथा कर्मचारी सङ्गठनहरूको संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पार्नुभयो। "हामीले राजनीतिक दलसँग आबद्धता भएका विद्यार्थी सङ्गठनहरू खारेज गर्न निर्देशन दिएका हौँ। अस्पताल, क्याम्पस, विद्यालय जस्ता संस्थामा राजनीति गर्ने होइन। कुनै पनि दलको झण्डा, प्रभाव वा सङ्गठन राख्न दिनुभएन। साँच्चै राजनीति गर्ने हो भने आफ्नो पेसागत जिम्मेवारीबाट अलग हुनुपर्‍यो र पूर्ण रूपमा राजनीतिमा लाग्नुपर्‍यो", प्रधानमन्त्री शाहले भन्नुभयो।

छलफलमा उपकुलपतिहरूले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थी राजनीतिक गतिविधि सुस्त भएको र त्यस्ता सङ्गठन हटाउन पहल भइरहेको बताउनुभएको थियो। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा धनेश्वर नेपालले विद्यार्थीको राजनीति हस्तक्षेप, आक्रमण र तालाबन्दी हटाउनुपर्ने माग गर्नुभयो। उहाँले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार विद्यार्थी सङ्गठन हटाउन खोज्दा उल्टै धम्की आएको गुनासो गर्नुभयो। प्रा डा नेपालले भन्नुभयो, "हामीले माथिको निर्देशन पालना गर्न खोज्दा विद्यार्थीले तालबन्दी गर्ने, हामीलाई आक्रमण गर्न जस्ता धम्की आएका छन्, यसबाट असुरक्षित महसुस भएको छ।"

जवाफमा प्रधानमन्त्री शाहले कुनै पनि राजनीतिक विद्यार्थी र कर्मचारी सङ्गठन खारेज गर्दा सुरक्षालगायत कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिनुभयो। "विद्यार्थी सङ्गठन खारेज गर्दा तपाईंहरूलाई सुरक्षा संयन्त्रलगायत जे आवश्यक छ त्यसमा सरकारको पूर्ण सहयोग हुनेछ। ढुक्क भएर आफ्नो जिम्मेवारी पूरा गर्नुहोला। प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्नेछ",उहाँले भन्नुभयो।

यस्तै, परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्न निर्देशनसमेत दिनुभयो। उहाँले भन्नुभयो, "शैक्षिक क्यालेन्डरअनुसार पढाउनु पर्‍यो। एक दिन पनि दायाँबायाँ गर्न भएन।" छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले ऐनले राजनीतिक दलसँग आबद्ध सङ्गठन खारेज गर्न बाधा नपुर्‍याउने बताउनुभयो। उहाँले राजनीतिक सङ्गठन खारेज गर्न निर्देशन दिइसकिएको र सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो।

मन्त्री पोखरेलले विद्यालय तथा विश्वविद्यालयका ऐनमा 'स्वतन्त्र विद्यार्थी युनियन' को परिकल्पना गरिए पनि त्यसले दलगत विद्यार्थी भन्ने अर्थ मात्र लाउन नहुने धारणा राख्नुभयो। "मैले विभिन्न विश्वविद्यालयका ऐनहरू हेर्दा पनि यही व्यवस्था स्वतन्त्र विद्यार्थी युनियनको व्यवस्था छ, तर त्यो भनेको कुनै विशेष सङ्गठन नभई विद्यार्थीहरूको आवाज प्रतिनिधित्व गर्ने एउटा स्वतन्त्र संरचना हो। त्यसैले हामीले भनेको 'भ्वाइस अफ स्टुडेन्ट' पनि यही अवधारणाभित्र पर्छ। यस हिसाबले कुनै ऐनले बाधा पुर्‍याउँछ जस्तो लाग्दैन", उहाँले भन्नुभयो,"हामीले तत्काल खारेज गर्न खोजेको राजनीतिक दलसँग आबद्ध विद्यार्थी सङ्गठन हुन्, विद्यार्थीको आवाज बोल्ने स्वतन्त्र विद्यार्थी युनियनजस्ता संस्थालाई होइन।"

छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा दिपक अर्यालले जेन्जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी सङ्गठन निस्कृय बन्दै गएको बताउनुभयो। मध्यमपश्चिम विश्वविद्यालयका उपलकुपति प्रा डा ध्रुवकुमार गौतमले पनि पछिल्लो समय आफ्नो विश्वविद्यालयमा विद्यार्थी र कर्मचारीका राजनीतिक गतिविधि सेलाउँदै गएको तर कतिपय आङ्गिक क्याम्पसमा विद्यार्थीको राजनीतिक तनाव कायमै रहेको बताउनुभयो।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा डा विजुकुमार थपलियाले आङ्गिक क्याम्पसहरूमा विद्यार्थी समूहले राजनीति गरिरहेको बताउनुभयो। सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा हेमराज पन्तले थपलियाको कुरामा सहमति जनाउनुभयो। अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्ना संस्थाहरूमा विद्यार्थी र कर्मचारीहरू राजनीति गतिविधिबाट टाढा रहेको उल्लेख गर्नुभयो। उहाँहरूले विश्वविद्यालय र प्रतिष्ठान कडाइका साथ प्रस्तुत भएमा कुनै पनि बहानामा राजनीति नहुने धारणा राख्नुभयो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ८६ मा उल्लेख भएअनुसार विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउन एवं राजनीतिक दलका भातृ सङ्गठनका रूपमा विश्वविद्यालयमा स्थापना भएका विभिन्न विद्यार्थी सङ्गठनका गतिविधि निस्तेज गर्न यसअघि नै निर्देशन दिइसकेको छ।

सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न विद्यालय, विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउने उल्लेख गरिएको छ। यस्ता संरचना हटाई 'विद्यार्थी परिषद्/विद्यार्थीको आवाज' संयन्त्रको विकास गर्ने उल्लेख छ।

*पाँचौ गोलबजार ...*

मौक्तान, जिल्ला खेलकुद विकास समिति सिरहाका अध्यक्ष श्रवण शाही ठकुरी लगाएत बिशिस्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

नगर उप-प्रमुख मान्ती साहको अध्यक्षतामा सम्पन्न प्रतियोगितामा एघार स्वर्ण पदक प्राप्त गर्दै आयोजक टिम प्रथम, पाँच स्वर्ण पदकसहित सिरहा टिम दोस्रो र चार स्वर्ण पदक जितेर महोत्तरी टिम तेस्रो भयो। प्रतियोगिताको उदयमान पुरुष खेलाडीको उपाधि आयोजकका खेलाडी राज मुखियाले प्राप्त गरे। उनी पुरस्कार स्वरुप माउन्टेन बाइक प्राप्त गर्न सफल भए। उदयमान महिला खेलाडी पुरस्कार आयोजककी रिया श्रेष्ठले जित्यो। उनले पुरस्कार स्वरुप ट्रफी र सिनियर कराते खेल पोशाक गी प्राप्त गर्यो। प्रतियोगिताकै उत्कृष्ट पुरुष खेलाडी सप्तरीका रोहन मेहतर र उत्कृष्ट महिला खेलाडी आयोजककी स्मारिका मगर छानिए। प्रतियोगिताकै सर्वोउत्कृष्ट निर्णायकको उपाधी रौतहटका अमित भुलोनले प्राप्त गर्यो भने, उत्कृष्ट प्रशिक्षकको पुरस्कार आयोजकका प्रशिक्षक नर बहादुर थापाले जित्यो।

# अक्षय त्रितीया पर्व मनाइयो

महोत्तरी, ७ वैशाख। चन्द्रमास गणनाले सोमबार वैशाख शुक्ल तृतीया तिथि। यस दिन मधेसका महोत्तरीसहित अन्य जिल्लामा अक्षय तृतीया पर्व मनाइयो। हिन्दू परम्परामा यस दिन बाटो कुरेर नै बटुवालाई जौ र चनाको सातु एवं सक्खरको सर्वत खुवाउने गरिन्छ। पर्वका अवसरमा जौ र चनाको सातु एवं चिसो सर्वत दान गरेर भोका र तिर्खाएकाहरूलाई खुवाउँदा कहिल्यै नास नहुने पुण्य सोमबारर्न हुने यहाँ जनविश्वास छ।

यस दिन जति बढी भोका र तिर्खाएका व्यक्तिलाई सातु र सर्वत ख्वाइन्छ, त्यति नै बढी पुण्य मिल्ने विश्वास छ। यसै विश्वासले सोमबार बाटोमा बसेर सातु र सर्वत बटुवालाई खुवाउँछन्। यस पर्वमा गर्मीले आकुल-व्याकुल भएका पथिक ( बटुवा) लाई शीतलता दिने जौ र चनाको सातु, सक्खर मिलाई चिसो पानीमा बनाइएको सर्वत र मिष्टान्न परिकार खुवाइनु र परिवारजनले खाने चलनभित्र स्वास्थ्य सन्देश पनि रहेको स्वास्थ्यकर्मी बताउँछन्। गर्मी याममा पसिना धेरै निस्कने हुँदा शक्तिवर्द्धक सक्खरको सर्वत र पुष्टिवर्धक अन्न जौ र चनाको सातु खानपिनको प्रयोगमा जोड दिइएको बर्दिबास-१३ बिजलपुराका बासिन्दा वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झा बताउनुहुन्छ।

पर्वमा गरिब र अभाव भोगी, खेपिरहेका व्यक्तिलाई सातु राखिएका थैला र सर्वत राखिएको घडासहितै दान गर्ने मैथिल परम्परा छ। अक्षय तृतीया पर्वको वर्णन भविष्य पुराणमा उल्लेख छ। भगवान् शिव र देवी पार्वतीको विवाह भएको दिन पनि मानिने यो पर्वमा ब्राह्मण, कुलपुरोहित तथा गरिबलाई स्वर्ण (सुन), शीतल खाद्य परिकार र वस्त्र दान गर्नेको कहिल्यै भण्डार खाली नहुने उल्लेख रहेको छ। यसै दिन भगवान् विष्णुको छैटौँ अवतार मानिने भगवान् पर्शुरामको जन्मदिन भएको पनि विश्वास गरिन्छ।

यो पर्व सुख र समृद्धिको प्रतीक मानिन्छ। यो पर्वले मौसमअनुसार पुष्टिवर्धक भोजन गर्न सन्देश दिनेसँगै दीनदुःखी र भोकाएका, तिर्खाएकालाई सेवा दिन नैतिक सन्देश दिएको पाका मैथिल बताउँछन्। पर्वमा कुल पुरोहित ब्राह्मणलाई पूजा गरेर वस्त्र, मिष्टान्न खाद्य परिकार र दक्षिणा दिएर आफ्नो र परिवारका सदस्यहरूको जीवनमा शीतलताको कामना गर्दै जौ, चनाको सातु र सर्वत खाएर यो पर्व समापन गरिने मैथिल परम्परा छ। भगवान् शिव र पार्वतीको विवाह भएको मानिने यो दिन नयाँ घरबास, नानीहरूको अन्नप्राशन र विवाहलगायत माङ्गलिक कार्यका लागि अर्को साइत हेर्न नपर्ने मान्यता छ।

# बालबालिका वडातहदेखि संसद्सम्मको अभ्यासमा व्यस्त

भक्तपुर, ७ वैशाख। देशको राज्यव्यवस्था सञ्चालन र सुशासनबारे बालबालिकालाई जानकारी दिने उद्देश्यले सूर्यविनायक नगरपालिकाले बाल संसद् अभ्यास सुरु भएको छ। भोलिका भविष्यका रूपमा रहेका बालबालिकालाई वडा तहदेखि नगरपालिका र संसद्सम्मको व्यवस्था सञ्चालन कसरी गर्ने भन्नेबारेमा जानकारी दिन चारदिने अभ्यास प्रशिक्षण सोमबारदेखि सुरु भएको हो।

कर्न्सोटियम नेपालको सहआयोजना तथा सिविसलगायत विभिन्न संस्थाको सहयोगमा सूर्यविनायक नगरपालिकाभित्रका विभिन्न बालक्लबका प्रतिनिधिहरूसहित ७८ बालबालिकाको सहभागिता रहेको नमूना बालनगरसभा कार्यक्रमकी संयोजक एवं कर्न्सोटियम नेपालकी उपाध्यक्ष अनिता पाण्डेले जानकारी दिनुभयो। बाल सहभागिता संविधानदेखि व्यवहारसम्म भन्ने मूल उद्देश्यका साथ सञ्चालन भएको सभाको नगरपालिकाकी उपप्रमुख सरिता भट्टराईले उद्घाटन गर्नुभयो।

सभाले बालबालिकाको आवाज र नीतिमा सकारात्मक ऊर्जा दिने बताउँदै उपाध्यक्ष पाण्डेले नमूना बालनगरसभाले बालबालिकालाई स्थानीय शासन प्रक्रियामा सहभागी गराउने, उनीहरूको आवाज सुन्ने र उनीहरूको आवश्यकता तथा अधिकारलाई नीतिगत तहसम्म पुर्‍याउने अभ्यासले भावी दिनमा देशलाई पनि सकारात्मक बाटोमा लैजान टेवा पुग्ने बताउनुभयो। उहाँले बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि यो अभ्यास एक महत्वपूर्ण 'प्लेटफर्म' भएको उहाँले बताउनुभयो।

उपाध्यक्ष पाण्डेले नमूना सभा अभ्यासबाट बालबालिकालाई लोकतान्त्रिक प्रक्रिया र स्थानीय शासनबारे व्यावहारिक ज्ञान दिने सक्षम हुने बताउँदै बालबालिकाको आवाज, विचार एवं मागलाई नीति तथा कार्यक्रमसँग जोड्ने बताउनुभयो। बालबालिकामा नेतृत्व, आत्मविश्वास र अभिव्यक्ति क्षमता विकास गर्ने र वडा तहदेखि नगरपालिका हुँदै संसद्सम्म ऐन, नीति, नियम कसरी निर्माण गर्ने, जनताको आवश्यकताको पहिचान कसरी गर्ने, सुशासन कसरी कायम गर्ने, निर्वाचन कसरी गर्ने, निर्वाचनपछि राज्यव्यवस्था सञ्चालन कसरी गर्ने भन्नेबारेमा प्रयोगात्मक रूपमा अभ्यास गर्ने र बालबालिकालाई सक्षम बनाउने उहाँले बताउनुभयो।

# हात्तीदह सिमसारमा संरचना विस्तार



सिरहा, ७ वैशाख। लहान नगरपालिका–१५ कोइरालो खोला सामुदायिक नमूना वनभित्रको हात्तीदह सिमसार क्षेत्रलाई थप व्यवस्थित गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नयाँ संरचना विस्तार गरिएको छ। यसै सिलसिलामा नगरप्रमुख महेशप्रसाद चौधरीले परिसरमा दुई कोठे 'होमस्टे' र सौन्दर्यकरण कार्यको शिलान्यास गर्नुभयो। करिब रु २० लाख ४२ हजारको लागत अनुमान गरिएको उक्त परियोजनामा रु एक लाख बराबरको जनसहभागिता रहने कोइरालो खोला नमूना वन उपभोक्ता समितिका अध्यक्ष रुद्रनारायण चौधरीले जानकारी दिनुभयो।

नगरप्रमुख चौधरीले हात्तीदहलाई मधेस प्रदेशकै नमूना पर्यटकीय गन्तव्य बनाउने लक्ष्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "लहानको गौरवको रूपमा रहेको हात्तीदह सिमसार क्षेत्रको विकासका लागि नगरपालिका प्रतिबद्ध छ। यहाँ निर्माण हुने होमस्टे र सौन्दर्यकरणकार्यले पर्यटकलाई आकर्षित मात्र गर्ने छैन, यसले स्थानीयस्तरमा स्वरोजगारी सिर्जना गरी नगरको आर्थिक समृद्धिमा मद्दत पुऱ्याउनेछ।"

एक महिनाअघि मात्रै सोही क्षेत्रमा सञ्चालनमा आएको 'हात्तीदह वनस्टे'ले पर्यटकलाई प्राकृतिक वातावरण र स्थानीय संस्कृतिको अनुभव गराउँदै आएको छ। वन उपभोक्ता समितिका अध्यक्ष चौधरीले वन र सिमसारको संरक्षणसँगै आयसोमबार्रनलाई जोड्न नयाँ संरचनाले मद्दत गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले वन र सिमसार क्षेत्रको जैविक विविधता जोगाउँदै पर्यटनमार्फत स्थानीयलाई आयसोमबार्रनमा जोड्ने उद्देश्यले 'वनस्टे' र होमस्टेको अवधारणा अघि सारेका हौँ। नयाँ संरचना बनेपछि पाहुनाले अझ गुणस्तरीय सेवा पाउनेछन्।" उहाँले आगामी दिनमा थप संरचना विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो।

हात्तीदह परिसरमा तालिम हल, वनभोजस्थल, दहमा बोटिङ सुविधा, बालबालिकाका लागि मनोरञ्जन पार्क, सानो चिडियाखाना तथा सेल्फीस्थल निर्माण गरिएको छ। हाल दैनिक दुई हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको समितिले जनाएको छ। यहाँ चार वर्षअघिदेखि सिमसार क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालिएको हो। यसबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ लिन थालेका छन् भने हाल १४ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन्।

करिब ५६ हेक्टर क्षेत्रफलमा फैलिएको कोइरालो सामुदायिक वनमध्ये पाँच हेक्टर सिमसार क्षेत्रलाई संरक्षण गर्दै पर्या पर्यटनको विकास गरिएको छ। यसमा लहान नगरपालिकाको मात्र नभई सङ्घीय र प्रादेशिक निकायको पनि महत्वपूर्ण साझेदारी रहँदै आएको छ। वन उपभोक्ता समितिका अध्यक्ष चौधरीका अनुसार यस क्षेत्रको गुरुयोजना कार्यान्वयनमा राष्ट्रपति चुरे संरक्षण विकास कार्यालय, डिभिजन वन कार्यालय लहान, बृहत् जलाधार व्यवस्थापन कार्यालय लगाएतले प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउँदै आएका छन्। लहान बजारबाट करिब पाँच किलोमिटर उत्तर चुरेफेदमा रहेको हात्तीदह क्षेत्र प्राकृतिक सौन्दर्य र सामुदायिक वन व्यवस्थापनको उत्कृष्ट उदाहरण बन्दै गएको छ।

# कांग्रेसमा विशेष महाधिवेशनको बहस अन्त्य भयोः सभापति थापा

काठमाडौँ, ७ बैशाख। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अब कांग्रेसमा विशेष महाधिवेशनको बहसलाई अन्त्य भएको बताउनुभएको छ। नेपाली कांग्रेसद्वारा सोमबार हेटौँडामा आयोजित निर्वाचन समीक्षा बैठकमा उहाँले अदालतको फैसलासँगै कांग्रेसमा विशेष महाधिवेशनको बहस अन्त्य भएकाले सबै एकजुट भई १५औँ महाधिवेशनको तयारीमा लाग्नुपर्नेमा जोड दिनुभयो।

पार्टीभित्रको गुटबन्दी अन्त्य गर्दै नयाँ पुस्ता र छुटेका समर्थकलाई समेटेर अघि बढ्नुपर्ने बताउँदै सभापति थापाले पार्टीका सबैलाई समेटिएर अघि बढ्ने दायित्व आफूहरूको काँधमा आएको उल्लेख गर्नुभयो। हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको नतिजामा हार भयो भनेर चिन्ता गर्नुभन्दा पनि भविष्यको चिन्तन आवश्यक रहेकामा उहाँले जानकारी दिनुभयो।

निर्वाचनको नतिजाले कांग्रेसलाई नयाँ अवसर र चुनौती दिएको औँल्याउँदै सभापति थापाले समीक्षाको अर्थ गल्तीमात्र खोज्नु नभएर आगामी यात्रा कसरी सुन्दर र सुनिश्चि गराउन सकिन्छ भन्नेतर्फ सोच्नुपर्ने बताउनुभयो। कांग्रेस देश सम्हाल्ने पार्टी भएकाले कुनै एउटा निर्वाचनमा हार्नेबित्तिकै हतोत्साहित हुनुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ। सभापति थापाले निर्वाचनमा हारजित प्राविधिक विषय भएकाले देशको लोकतन्त्र सही ट्र्याक सही ल्याउन निर्वाचनमा हामिएको उल्लेख गर्नुभयो। गत फागुन २१ गते सम्पन्न निर्वाचनमा कांग्रेस हारे पनि देशले जितेर व्यवस्था सही ट्र्याकमा ल्याएको उल्लेख गर्दै उहाँले कांग्रेसले हारे पनि देशले हार्नु हुँदैन भनेर आफ्नो पार्टी निर्वाचनमा गएको बताउनुभयो।

विसं २०४८ सालयता सार्वजनिक पदमा बसेका सबै व्यक्तिको सम्पत्ति छानबिन हुनुपर्नेमा जोड दिँदै सभापति थापाले दोषी देखिएकाको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने बताउनुभयो। राज्यले विधिको शासन पालन गर्दै गरेको अध्ययन, अनुसन्धानको विरोधमा कांग्रेस सडकमा नआउने प्रष्ट पार्नुभयो। जेनजी आन्दोलनको छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन अपूर्ण र पूर्वाग्रही रहेकाले पुनः अनुसन्धान गर्नुपर्ने भन्दै सभापति थापाले घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्नुपर्ने माग सरकारसमक्ष गर्नुभयो।

बैठकमा कांग्रेसका महामन्त्री प्रदीप पौडेलले निर्वाचनमा भएको कमीकमजोरीको समिक्षा गर्दै आगामी दिनमा नयाँ सोच, नयाँ ऊर्जाका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

# यान्त्रिक अवस्था ठिक नभएका ५५ सवारीसाधन कारबाहीमा

काठमाडौँ, ७ वैशाख। ट्राफिक प्रहरीले यान्त्रिक अवस्था ठिक नभएका र मापदण्डभन्दा बढी धुवाँ फाल्ने ५५ सवारीसाधनलाई कारबाही गरेको छ। सोमबार काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले काठमाडौँको थली (मुलपानी क्रिकेट ग्राउण्ड) क्षेत्रमा गरेको चेकजाँचका क्रममा यान्त्रिक अवस्था ठिक नभएका ४१ र मापदण्डभन्दा बढी धुवाँ फाल्ने १४ सवारीसाधनलाई कारबाही गरेको हो।

साठी वटा सवारीसाधन चेकजाँच गर्दा हेण्डब्रेक दुरुस्त नभएका, लाइट दुरुस्त नभएका, टायर धेरै खिइएका तथा अन्य अवस्था ठिक नभएका ४१ सवारीसाधनलाई कारबाही गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो। अवस्था ठिक नभएका सवारीसाधन चलाउँदा सवारी दुर्घटनाको जोखिम बढ्ने, यात्रु र सडक प्रयोगकर्ताको जीवन पनि जोखिममा पर्नसक्ने भएकाले चेकजाँच अभियान चलाइएको उहाँले बताउनुभयो।

काठमाडौँको बबरमहल सडकखण्डमा सोमबार गरिएको प्रदूषण चेकिङका क्रममा मापदण्डभन्दा बढी धुवाँ फाल्ने १४ सवारीसाधनका चालकलाई कारबाही गरिएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार वातावरण विभाग र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट संयुक्त रूपमा खटिएको टोलीले चेकजाँच गर्दा मापदण्डभन्दा बढी धुवाँ फाल्ने १४ सवारीसाधन फेला परेका हुन्।

**लागुऔषध कोकिनसहित चार जना पक्राउ**

लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको टोलीले अवैध लागुऔषध कोकिन ३३ ग्रामसहित चार जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ। काठमाडौँ उपत्यकाका विभिन्न स्थानबाट लागुऔषध कोकिन ३३ ग्रामसहित चार जनालाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा गोरखा पालुङटार नगरपालिका–९ का २७ वर्षीय सुनिल लामा, झापा मेचीनगर नगरपालिका–९ का ३१ वर्षीय विवेक गौतम, भारतको भुपालपुरा थाना–२९ ठेगाना भएका २७ वर्षीय हर्षित डाँगी र भारत राजस्थान जयपुर आदर्शनगर थानाका ३९ वर्षीय मानिक गुलाटी रहेका लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार घटनाका विषयमा थप अनुसन्धान भइरहेको भइरहेको छ।

# घरबनाउने सपनासहित हिलोमा ईंटा खोज्दै मुसहर बालबालिका

**सुधा देव**

सप्तरी, ७ बैशाख। राजविराज नगरपालिका ६ का मुसहर बालबालिका हिलोमा ईंटा खोज्दै छन्। राजविराज नगरपालिका ७ को मुख्य बजार क्षेत्रको सडक विस्तारका क्रममा भत्काइएका घर तथा खनेका नालाबाट निस्किएका ईंटामा उनीहरू आफ्नो 'महल' बनाउने सपना देख्दै संकलनमा जुटिरहेका हुन्। पाँचदेखि १२ वर्ष उमेर समूहका ती बालबालिका बिहानदेखि बेलुकीसम्म सडकमा ईंटा संकलन गर्ने र दिनभर संकलन गरेको ईंटा बेलुकी सिटी सफारीमार्फत घर लैजाने काम गर्दै आएका छन्।



१५ दिनदेखि उनीहरूको दैनिकी ईंटा संकलनमै बितिरहेको स्थानीय रमिता शर्माले बताए। उनका अनुसार सडक विस्तार र नाला खन्ने क्रममा निस्किएका ईंटा लिन एकैपटक एक दर्जनभन्दा बढी बालबालिका दौडधुप गर्दै प्रतिस्पर्धा गर्ने गरेका छन्। दिपक सदाले भने, 'बुबा मजदुरी गर्नुहुन्छ। महँगीका कारण कमाइले दुई छाक खान पनि गाह्रो हुन्छ। बस्ने ठाउँ पनि झुपडी मात्र हो। ईंटाको घर बनाउने सपना बोकेर हामी ईंटा संकलन गर्दैछौँ।'

उनका अनुसार विद्यालय बिदा भएकाले आफू ७ वर्षीय भाइ ओम सदासहित ईंटा संकलनमा नियमित रूपमा लागेका छन्। संकलित ईंटाले घरको पर्खाल उठाउन सकिने आशा उनीहरूको छ। सोही बस्तीका ११ वर्षीय सत्यनारायण सदाले पनि फोहोर र हिलोबाट निस्किएका ईंटा संकलन गर्दै आएको बताए। उनले भने, 'फुसको घर कहिले हावाहुरीले उडाउला भन्ने डर छ। ईंटाको पर्खाल उठाएर टिनले छाउन सके पक्की घरमा बस्न पाइन्थ्यो भन्ने आशा छ, त्यसैले यो काम गर्दै आएका हौँ।'

उनीहरू मात्र नभई सो टोलका अधिकांश बालबालिका अहिले सडक विस्तार भएको क्षेत्रमा ईंटा संकलनमै व्यस्त छन्। बस्ती बजार क्षेत्रमा परेकाले आर्थिक र शैक्षिक अवस्था अत्यन्त कमजोर रहेको र घर निर्माणको आशामा बालबालिका दिनहुँ ईंटा खोज्न बाध्य भएको स्थानीय ओमप्रकाश साहले बताए।

# सम्पत्ति विवरणबारे गृहमन्त्री गुरुङको स्पष्टोक्ति

काठमाडौँ, ७ वैशाख। गृहमन्त्री सुधन गुरुङले रु २५ लाखको सेयरका विषयबारे आफ्नो सम्पत्ति विवरणमै स्पष्ट उल्लेख गरेको स्पष्ट पार्नुभएको छ। आफ्नो सम्पत्ति विवरणबारे विभिन्न सञ्चारमाध्यममा गरिएको टिकाटिप्पणीबारे स्पष्ट पार्दै मन्त्री गुरुङले त्यस सम्बन्धि विवरण मन्त्रिपरिषद्को वेबसाइटमा हेर्न सकिने बताउनुभयो ।

मन्त्री गुरुङको सचिवालयले उक्त विषयमा प्रष्ट पार्दै भनेको छ, "सबै सेयर एउटै प्रकृतिका हुँदैनन्, धितोपत्र बजारमा कारोबार हुने सेयर दुई करोडभन्दा बढी लगानी रहेको सम्पत्ति विवरणमै स्प्ट छ।" त्यस्तै, स्टार माइक्रो इन्स्योरेन्स र लिबर्टी माइक्रोमा भएको लगानी पनि यही समूहभित्र समेटिएको मन्त्री गुरुङको सचिवालयले स्पष्ट पारेको छ। त्यस्तै उहाँले मन्त्री हुनुअघि सेयर किनियो भनेर बाहिर नकारात्मक धारणा बनाएकाप्रति असहमति जनाउँदै सेयर लगानी गर्नु अपराध नभएको बताउनुभयो। साथै कारोबार बैङ्किङ च्यानलमार्फत भएको र बैङ्कबाट गएको पैसाको सबै हिसाब स्पष्ट रहेको बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)